बैठक संख्या : ६

आज मिति २०८०/०८ /०१ गते शुकबारका दिन समय दिउँसो ३:३० बजे यस देवताल गाउँपालिकाका अध्यक्ष श्री उदय प्रसाद यादव ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरी तपसिलका निर्णयहरु गरियो।

उपस्थिती

| क.स. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री उदय प्रसाद यादव | अध्यक्ष | |
| २ | श्री सितापति देवी यादव | उपाध्यक्ष | |
| ३ | श्री अरुण कुमार सिंह | वडा अध्यक्ष वडा नं.१ | |
| ४ | श्री मनरुदीन मिँया ठकुराई | वडा अध्यक्ष वडा नं.२ | |
| ५ | श्री रामकिशोर प्रसाद कुशवाहा | वडा अध्यक्ष वडा नं.३ | |
| ६ | श्री ललन कुमार यादव | वडा अध्यक्ष वडा नं.४ | |
| ७ | श्री सुरेश प्रसाद साह | वडा अध्यक्ष वडा नं.५ | |
| ८ | श्री संजय कुमार | वडा अध्यक्ष वडा नं.६ | |
| ९ | श्री सतेन्द्र प्रसाद यादव | वडा अध्यक्ष वडा नं.७ | |
| १० | श्री रामपुजन पंडित कुम्हार | कार्यपालिका सदस्य | |
| ११ | श्री किसुनदेव ठाकुर हजाम | कार्यपालिका सदस्य | |
| १२ | श्री सरस्वती देवी | कार्यपालिका सदस्य | |
| १३ | श्री प्रभा देवी धोविन | कार्यपालिका सदस्य | |
| १४ | श्री ललिता देवी जैसवार | कार्यपालिका सदस्य | |
| १५ | श्री कान्ती देवी | कार्यपालिका सदस्य | |
| १६ | श्री नविन कुमार श्रीवास्तव | प्रमुख प्रशासकीय अधिकृत | |
| | आमन्त्रित | | |
| १. | श्री राजिव यादव | प्रशासन शाखा प्रमुख | |
| २. | श्री गजेन्द्र यादव | लेखा शाखा प्रमुख | |
| ३. | औलिक महम्द दर्जी | प्राविधिक शाखा प्रमुख | |

CamScanner

**प्रस्ताव नं.१ करारमा कर्मचारी भर्ना सम्बन्धमा।**

**निर्णय नं. १: प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाको मिति २०८०/०६/२६ गतेको निर्णयानुसार यस पालिकामा कार्यरत सबै ज्यालादारी तथा डोर हाजिरीमा कार्यरत कर्मचारीहरुलाई असोज मसान्त सम्म मासिक सुविधा प्रदान गरी कार्य नगराउने निर्णय भएको व्यहोरा विदितै छ। यस सम्बन्धमा कार्यालयमा बुझ्दा विगत लामो समय सम्म समेत केही कर्मचारीहरु दैनिक ज्यालादारी तथा डोर हाजिरीमा काम गरिरहेको व्यहोरा प्राप्त भयो। हालको अवस्थामा ती कर्मचारीहरु कार्य नगर्दा कार्यालय संचालनमा निकै नै समस्या भएको र हाल सम्बन्धित निकायबाट पनि कर्मचारी पदपूर्ति हुने अवस्था नदेखिएको व्यहोरा समेत यस कार्यपालिकालाई जानकारी गराइयो। लामो समय देखि कार्यरत कर्मचारीहरु कार्यालयको विभिन्न प्राविधिक कारणले गर्दा समयमा करार नियुक्ति प्राप्त गर्न नसकेको तर कार्यालयकै निर्देशनमा कार्य गरिरहेको अवस्था देखियो। सो कर्मचारीहरुलाई एककासी सेवाबाट हटाउँदा उनीहरुसँग न्याय नहुने अवस्था, सो कर्मचारीहरु कार्यालयमा निरन्तर कार्य गरिरहदा निजहरुसँग कार्य अनुभव पनि बढी भएको अवस्था तथा यस कार्यालयले पुन: सो पद लगायत अन्य पदमा करार सेवाबाट पदपूर्ति गर्ने नै भएकोले त्यस्ता कर्मचारीहरुलाई एक पटकको लागि उमेर हद नराखि तथा कर्मचारी पदपूर्ति सम्बन्धी समितिले उपयुक्त ठानेको उमेर हद तथा अन्यको हकमा समेत प्रतिस्पर्धा प्रतिकुल नहुने गरी उमेर हद तथा योग्यता तोक्ने गरी यस कार्यालयमा गठन हुने कर्मचारी पदपूर्ति सम्बन्धी समितिलाई निर्देशन दिने निर्णय गरियो।**